वर्ष २४, अंक ११३, २०८१ असोज ८ गते राष्ट्रिय दैनीक राजधानीमा प्रकाशित सुचना

# चन्द्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# शान्तिपुर, गुल्मी

## औषधी तथा औषधीजन्य सामाग्री खरिद सम्बन्धी बोलपत्र आव्हानको सूचना।।

प्रथम पटक प्रकाशित मितिः-२०८१/०६/०८

चन्द्रकोट गाउँपालिका गुल्मीको स्वीकृत कार्यक्रम अनुसार २०८१/०८२ का लागि औषधि खरिद गर्नुपर्ने भएको हुँदा ईच्छुक योग्यता पुगेका निर्माता, फर्म, सप्लायर्स वा कम्पनीहरुबाट देहाय बमोजिमका शर्तहरुको अधिनमा रही दररेट सहित रितपूर्वक बोलपत्र आह्वान गरिन्छ।

शर्तहरु :-

१. औषधी आपुर्तीकर्ताले यस सुचनामा प्रकाशित भएको परिमाणको औषधी आपुर्ती गर्दा सुरुमा सम्झौता भएको मितिले १५ (पन्ध्र) दिनभित्र औषधी आपुर्ती गर्नुपर्ने हुन्छ। औषधीको परिमाण आपुर्तीको आधारमा यस कार्यालयले रकम भुक्तानी गर्ने छ।

२. बोलपत्र फारम प्रथम पटक सूचना प्रकाशित मितीले ३१ औ दिन १२:०० बजे भित्र रु. ३००० (फिर्ता नहुने गरी) चन्द्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, शान्तिपुर, गुल्मीको नेपाल बैंक लिमिटेड, शान्तिपुर शाखामा रहेको राजश्व खाता नं. २३५०३०००००१००१००००००१ मा जम्मा गरी खरीद गर्न सकिनेछ ।

३. बोलपत्र फाराम पेश गर्दा फर्म वा कम्पनिले आ. व. २०८०/०८१ को नवीकरण गरिएको औषधी कारोवार सम्बन्धी औषधी व्यवस्था विभागबाट लिईएको ईजाजत प्रमाण पत्र, स्थायी लेखा नम्बर, मु.अ.कर दर्ता प्रमाण पत्र र आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र समेतको प्रतिलीपी संलग्न राखि पेश गर्नुपर्ने छ ।

४. खरिद गरेको बोलपत्र फारम रीत पुर्वक भरी प्रथम पटक सूचना प्रकाशित मितिले ३१ औं दिन दिनको १२:०० बजे भित्र बोलपत्र PPMO को Web site bolpatra.gov.np मार्फत पेश गर्नुपर्नेछ। पेश भएका बोलपत्र सोही दिन दिनको १३:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ। बोलपत्र खोलिने दिन बोलपत्रदाता वा निजको प्रतिनिधी अनुपस्थित भएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

५. बोलपत्र फारम बिक्रीगर्ने र दाखिल गर्ने अन्तिम दिन विदा पर्न गएमा उक्त कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

६. बोलपत्रदाताले बोलपत्र फारममा उल्लेखित सम्पुर्ण आइटमहरु पुर्ण रुपमा भर्नु पर्नेछ।

७. बोलपत्रदाताले बोलपत्र साथ जमानत वा कबुल गरेको रकम चन्द्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,शान्तिपुर,गुल्मीको नेपाल बैंकलिमिटेड, शान्तिपुर शाखामा रहेको धरौटी खाता नं. २३५०३००००३००००००००१ मा दाखिला गरेको भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिले कम्तीमा १२० दिन म्याद भएको नेपाल सरकारवाट मान्यता प्राप्त वाणिज्य बैङ्क वा वित्तिय संस्थाले यस कार्यालयको नाममाजारी गरिएको ग्यारेन्टी (बिडवन्ड) बोलपत्र साथ पेश गर्नु पर्नेछ।

८. बोलपत्र साथ विश्वसनिय कम्पनीका गुणस्तरयुक्त औषधी र आफुले दिने औषधीको नाम औषधी व्यवस्था विभागमा रजिष्टर्ड भएको हुनु पर्नेछ र प्रत्येक औषधी आयात इजाजतपत्र उत्पादन अनुज्ञापत्र बोलपत्र फारम साथ पेश गर्नुपर्नेछ।

९. आपूर्तिकर्ताले सप्लाई गरेको सामानहरुको गुणस्तरमा शंका लागि परिक्षण गर्नुपर्ने भएमा आपुर्तिकर्ता स्वयंले परिक्षण गराई परिक्षणको प्रमाणपत्र पेश गर्नुपर्नेछ। परिक्षणमा लाग्ने खर्च आपूर्तिकर्ता स्वयंले नै व्यहोर्नु पर्नेछ।

१०. बोलपत्रदाताले कबोल गरेको रकमबाटै यस कार्यालयले तोकेको स्टोरमा सामानहरु बुझाउनु पर्नेछ।

११. औषधिहरुको म्यादको सम्बन्धमा उक्त औषधि Manufacturing Date बाट Expiry Date कम्तीमा १८ महिना भन्दा बढि हुनुपर्ने छ र १८ महिना भन्दा घटी म्यादभएका अवधीहरु कुनै हालतमा दाखिला गरिने छैन।

१२. सप्लाई हुने औषधिको प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति, एक्सपाईरी मिति, व्याचनम्बर तथा "नेपाल सरकारबाट निःशुल्कवितरण" स्पष्ट रुपमाउल्लेख भएको हुने पर्नेछ। साथै सप्लाई हुने औषधिहरुको विवरण साथव्याचनम्बर,एक्सपाइरी मिति र जुन फर्मास्युटिकलको औषधी आपूर्ति गर्ने हो त्यस फर्मास्युटिक्सको GMP सर्टिफिकट अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

१३. औषधी प्याक गर्दा एउटा कार्टुनमा १ प्रकारको मात्रै औषधी प्याक गरी काटुर्न बाहिर औषधीको नाम र परिमाण अनिवार्य लेखेको हुनुपर्ने छ।

१४. यसमा उल्लेख नभएको अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) साथै प्रचलित कानुनबमोजिम हुनेछ। अन्यथप कुरा बुझ्नु परेमा ९८५७०६७९२० मा सम्पर्क गरी बुझ्न सकीनेछ।

तपशिल

| क.सं | बोलपत्र नं. | विवरण | बोलपत्र फारम दस्तुर | जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | CRM-GUL-NCB-G-01-2081/082 | Supply and Delivery of Medicine and Surgical Items for Chandrakot Rural Municipality Gulmi | ३,०००/- | १,१५,०००/- | |

प्रमुख प्रशासकीय अधिकृत